सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ८८ ♦ २०८० साल मंसीर २७ गते बुधवार ♦ 13 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com



वीरगंज महानगरका प्रमुख र उपप्रमुख पक्षका समर्थकबीच विवाद । पेज ४ मा

## महोत्तरीमा श्वासप्रश्वास र आँखाका बिरामी बढे, चिसोले कैदीको मृत्यु

**खबर दर्पण समाचारदाता**

**मंसीर २६ गते, बर्दिवास**

चिसो बढेसँगै महोत्तरीको अस्पतालमा श्वासप्रश्वासका बिरामी बढेका छन् ।

सदरमुकामस्थित जलेश्वर अस्पताल, गौशाला र सम्सीका प्राथमिक स्वास्थ्य केन्द्रसँगै जिल्लाका १५ वटै स्थानीय तहमा रहेका स्वास्थ्यचौकी र अन्य निजी स्वास्थ्य संस्थामा श्वासप्रश्वास र आँखाका बिरामी बढेका हुन् ।

'सामान्य बिरामीहरु त छँदै छन् । त्यसबाहेक श्वासप्रश्वासका बिरामी, निमोनिया भएर आएका बच्चाहरु आउने क्रम बढेको छ,' प्रादेशिक अस्पताल जलेश्वर मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुरले भने ।

यसैबीच चिसोका कारण दम बढेर जलेश्वर कारागारमा कुटपिट मुद्दामा कैद सजाय भुक्तान गरिरहेका जलेश्वर नगरपालिका ६ का गिरिजा कापरको मृत्यु भएको छ ।

दम बढेपछि अस्पताल भर्ना गरिएका कापरको आइतबार मृत्यु भएको जलेश्वर कारागारका सूचना अधिकारी रोविनचन्द्र ठाकुरले जानकारी दिए ।





यसैबीच जिल्ला समन्वय समितिले महोत्तरीका १५ वटै स्थानीय तह र जिल्ला दैवीप्रकोप उद्धार समितिले चिसो र शीतलहरबाट जनधनको क्षति हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ ।

## जनकपुरधाममा विवाहपञ्चमी महोत्सव २०८० सुरु, पहिलो दिन रामजानकीको नगर दर्शन

**खबर दर्पण समाचारदाता**

**मंसीर २६ गते, महेन्द्रनगर**

श्री सीताराम विवाहपञ्चमी महामहोत्सवको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन मंगलवार जनकपुर नगर दर्शन कार्यक्रम सम्पन्न भएको छ ।

जनकपुरधाममा मंगलवार बेलुकी राम र जानकीलाई नगर दर्शन गराइएको छ । त्यस क्रममा राम र जानकीको प्रतिकलाई जानकी मन्दिरको प्राङ्गनमा राखेर गितगान गरिएको छ ।

विवाह पञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शनको कार्यक्रम भएको जानकी मन्दिरका महन्थ राम तपेश्वर दासले जानकारी दिनुभएको छ ।



भगवान राम र सीताको प्रतिक बनाइएका बालबालिकालाई रथमा बसाएर पहिलो दिन जनकपुरधाम नगरको दर्शन गराइएको छ ।

राम र सीताबीच पहिलो पटक बगैंचामा भेट भएको पौराणिक कथाका आधारमा फूलवारी लिला कार्यक्रम गरिने प्रचलन छ ।

नगर दर्शन कार्यक्रममा साधु सन्तले विभिन्न प्रकारका झाँकी सहित सयौंको संख्यामा श्रद्धालु भक्तजनको सहभागिता रहेको थियो । उक्त अवसरमा विभिन्न प्रकारका मांगलिक गीत प्रस्तुत गरिएको थियो । पहिलो दिनको कार्यक्रम सकिएको र बुधबार दोस्रो दिन फुलबारी लिलाको कार्यक्रम रहेको जानकी मन्दिरका उत्तराधिकारी महन्थ राम रोशन दासले जानकारी दिनुभयो ।

उहाँका अनुसार तेस्रो दिन जानकी मन्दिरको प्राङ्गणमा धनुषा यज्ञको आयोजना, चौथो दिन तिल्कोत्सव पाँचौ दिन मटकोर, छैठो दिन दिउँसो स्वम्बर र राति विवाह र सातौ तथा अन्तिम दिन राम कलेवा अर्थात जन्तीको विदाइ गरी सात दिवसीय महोत्सव सम्पन्न हुने उहाँले बताउनुभयो ।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# एसीसी यू-१९ एसिया कप क्रिकेट : नेपाललाई १० विकेटले हराउँदै भारत विजयी

एसीसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको छ। । दुबईको आइसिसी एकेडेमी ओभल-२ क्रिकेट मैदानमा आज भएको खेलमा भारतसँग पराजित भएसँगै नेपाल समूह चरणबाट बाहिरिएको छ। ५३ रनको सामान्य लक्ष्य पछ्याएको भारतले ७.१ ओभरमा ५७ रन बनाउँदै नेपालमाथि १० विकेटको जित हात पारेको हो ।

नेपाल समूह चरणको पहिलो खेलमा पाकिस्तानसँग सात विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा अफगानिस्तानसँग ७३ रनले पराजित भएको थियो । आजको जितसँगै भारतले प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ। भारतले अफगानिस्तानलाई सात विकेटले हराएको थियो भने पाकिस्तानसँग भने आठ विकेटले पराजित भएको थियो ।

भारतका जितमा आर्शिन कुलकर्नीले सर्वाधिक ४३ रनको योगदान दिए। उनले ३० बल खेल्दै पाँच छक्का र एक चौका प्रहार गरे। उसका लागि आदर्श सिंहले १३ रन बनाए।नेपालको तर्फबाट गुल्सन झाले ४ ओभर बलिङ गर्दै ३३ रन खर्चिए।

नेपालविरुद्ध भारतीय बलरलाई सुरुआतमा लय मिलाउन गाह्रो परेको थियो र उनीहरुले वाइड बल फालिरहे पनि नेपालले त्यसको फाइदा उठाउन सकेन् । भारतले अतिरिक्तमा मात्र १३ रन दिएको थियो, त्यसमा १२ वाइड थियो । नेपालबाट कुनै ब्याटरले दोहोरो स्कोर बनाउन सकेनन् । नेपाली इनिङ्समा केबल ४ चौका समावेश थियो ।


दशौं नम्बरमा ब्याटिङ गरेका हेमन्त धामीले नेपालबाट सर्वाधिक ८ रन बनाए। अर्जुन कुमाल र दीपक बोहरा 'बी' ले समान ७ रन बनाए। दीपक र दीपेश कँडेलले सातौं विकेटमा जोडेको १२ रन नेपाली इनिङ्सको सबैभन्दा ठूलो साझेदारी रह्यो। दीपेशले ४ रन बनाए। दीपक बोहरा 'ए' १, उत्तम थापामगर शून्य, कप्तान देव खनाल २, दीपक डुम्रे शून्य, सुवास भण्डारी २ रनमा आउट भए । आकाश चन्द ४ रनमा अविजित रहे ।

दाहिने हाते तीव्र बलर राज लिम्बानीले दुबईस्थित आइसीसी एकेडेमी मैदान २ मा ७ विकेट लिँदै नेपाली ब्याटिङक्रमलाई तहसनहस पारे । उनले ९.१ ओभरमा ३ मेडन राख्दै १३ रन खर्चेर उत्कृष्ट प्रर्दशन गरे। आरध्य शुक्लाले २ र अर्शिन कुलकर्नीले १ विकेट लिए।

प्रतियोगितामा नेपालको पहिलो दुई खेल हारिसकेको छ । पाकिस्तानले शुक्रबार नेपाललाई पहिलो खेलमा सजिलै ७ विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा अफगानिस्तानसँग आइतबार नेपाल ७३ रनले पराजित भएको थियो ।

# क्षीरेश्वरनाथ नगरपालिकाचमा मालपोत कार्यालयको शाखा स्थापना गरिदिन अनुरोध

**खबर दर्पण समाचारदाता**
**मंसीर २६ गते, महेन्द्रनगर**


क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. २०८०।०८१
च.नं. ४९०

श्री जिल्ला प्रशासन कार्यालय,
धनुषा ।

मिति : २०८०।०८।०७

विषय : मालपोत कार्यालयको शाखा स्थापना सम्बन्धमा ।

प्रस्तुत विषयमा यस क्षीरेश्वरनाथ नगरपालिकाको पुर्वमा मिथिला बिहारी नगरपालिका र धनुषाधाम नगरपालिका पश्चिममा बटेश्वर गाउंपालिका, उत्तरमा मिथिला नगरपालिका र दक्षिणमा लक्ष्मिनिया गाउंपालिका रहि यस नगरपालिका ५ वटै पालिकाहरुको मध्य विन्दुमा रहेको तथा ती पालिकाहरुबाट यस नगरपालिका आउन जान यातायातको समेत सुविधा रहेको व्यहोरा अनुरोध छ ।

तसर्थ यस नगरपालिकामा मालपोत कार्यालयको शाखा स्थापना भएमा ती पालिकाहरु र यस नगरपालिकाका बासिन्दाहरुलाई मालपोत सम्बन्धि कामकाजको लागि आवत जावत गर्दा आर्थिक तथा समय समेतको बचत भई यस भेगका बासिन्दाहरु लाभन्वित हुने भएकोले यस नगरपालिकाको केन्द्र महेन्द्रनगरमा मालपोत कार्यालय, धनुषाको शाखा स्थापना गरि दिन हुन अनुरोध छ ।

बोधार्थ,
श्री मालपोत कार्यालय, धनुषा ।

सुखदेव यादव
नगर प्रमुख

धनुषाको क्षिरेश्वरनाथ नगर पालिका जिल्ला प्रशासन कार्यालय धनुषालाई मालपोत कार्यालयको शाखा स्थापनाको लागी अनुरोध पत्र लेखेको छ। नगरपालिका द्वारा लेखिएको पत्रमा यस क्षिरेश्वरनाथ नगर पालिकाको पुर्वमा मिथिला विहार नगरपालिका र धनुषाधाम नगरपालिका, पश्चिममा वटेश्वर गाउँपालिका, उत्तरमा मिथिला नगरपालिका र दक्षिणमा लक्ष्मिनियाँ गाउँपालिका रहि यस नगर पालिका ५ वटै पालिकाहरुको मध्य विन्दुमा रहेको तथा ती पालिकाहरुबाट यस नगर पालिका आउन जान यातायातको समेत सुविधा रहेको लेखिएको छ ।

त्यस्तै यस नगरपालिकामा मालपोत कार्यालयको शाखा स्थापना भएमा ती पालिकाहरु र यस नगरपालिकाका बासिन्दाहरुलाई मालपोत सम्बन्धि कामकाजको लागि आवत जावत गर्दा आर्थिक तथा समय समेतको बचत भई यस भेगका बासिन्दाहरु लाभन्वित हुने भएकोले यस नगर पालिकाको केन्द्र महेन्द्रनगरमा मालपोत कार्यालय, धनुषाको शाखा स्थापना गरि दिन हुन अनुरोध गरिएको छ । जिल्ला प्रशासन कार्यालय र बौधार्थ मालपोत कार्यालय धनुषाको लेखिएको पत्र अनुसार क्षिरेश्वर नाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादव नगरको बासिन्दाका लागी सहज नियम संवत शाखा कार्यालय स्थापना भएन भने हामी चरणवद्ध दवाव मुलक कार्यक्रम अगाडी बढाउने बताउनु भयो ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको कामामा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल र हुने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रसरङ्को चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक कामामा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ**-प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी कामामा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | -५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | -५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्चार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फयुज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# एक मिटरब्याजी पीडकबाट एउटा सिङ्गो टोल नै पीडित

**ललिता साह**

**मंसीर २६ गते, सप्तरी**

सप्तरीमा एक मिटरब्याजी पीडकबाट एउटा सिङ्गो टोल नै पीडित भएको छ ।सप्तरीको महदेवा गाउँपालिका-३, बथनाहाको वेदनारायण यादवले सरदार टोलीका दर्जनौँ महिलालाई ऋण दिएर भने जति घडेरी जग्गा पास गराएका छन् । त्यति मात्रै नभई मौका पाउँदै उक्त जग्गा आफ्नो भएको भन्दै पीडित महिलालाई कुटपिट गरेर घर निकाला गर्ने, घर भत्काउने, खाद्यान्न लत्ताकपडा, भाँडाकुँडालगायत सरसामान फ्याँकिदिने कार्य गर्दै आएको पीडित पुनमदेवी सरदारले बताउनुभयो ।

वेदनारायणबाटै पीडित सोही टोलकी जागोदेवी यादवका अनुसार वेदनारायणसँग दुई लाख ८० हजार ऋण लिएबापत उहाँका श्रीमानले वेदनारायणको नाममा घडेरीसहित चार कट्ठा १३ धुर जग्गा रजिस्ट्री पास गरि दिनुभयो । लिएको रकमभन्दा देसौँ गुणा बढी मूल्यको जग्गा "कित्ताकाटमा खर्च किन गर्ने मेरै नाममा भए पनि म बेइमानी गर्दिनँ," भन्दै वेदनारायणले श्रीमान्लाई फकाएर जग्गा पास गरेको जागोदेवीको भनाइ छ । श्रीमान्को शोकमा रहनुभएकी उहाँले भन्नुभयो, श्रीमान् हुँदा नै हामीले सोही रकमको ब्याजसमेत गरी छ लाख रुपियाँ तिरिसक्यौं । हाम्रो जग्गा फिर्ता गरिदिएको छैन । श्रीमानको मृत्युपछि हामीलाई सहाराविहीन देखेर एक वर्षदेखि अत्याचार गर्न थालेको छ । बजारबाट २०/२५ जना केटा लगेर घर भत्काइयो । बच्चालाई इनारमा फाल्दै थियो । हामीलाई जग्गाबाट घर तोडेर आजै भाग भन्दै टाउको फुट्ने गरी बाँधेर कुटियो । घरको खानेकुरा लत्ताकपडासमेत इनारमा फालिदियो । हामी वर्षदिनदेखि अन्य छिमेकीको घरमा शरण लिई मागेर गुजारा गरिराखेका छौँ ।

जागोदेवी मात्रै नभई त्यहींका पुनमदेवी सरदार, सङ्गीता सरदार, सुकनी देवी, रजिया, महावती, जानकी देवी, रेखा, शिवा यादव मिटरब्याजी पीडक वेदनारायण यादवबाट वर्षौंदेखि पीडित हुँदै आइरहेको स्थानीय विजय यादवले बताउनुभयो । अर्का पीडित रामचन्द्रले भन्नुभयो, "वेदनारायणको अत्याचार सहन नसकेर हामीले प्रहरीमा र जिल्ला प्रशासनमा कुटपिट र मिटरब्याजीको निवेदन दियो । त्यसपछि उहाँलाई समातियो र छोडियो पनि अहिले हाम्रो घटनाबारे जिल्ला प्रशासन र प्रहरीमा छलफल भइरहेको छ तर हामीले न्याय पाएका छैनौँ ।"



बथनाहा टोलभरिका दर्जनौँ दलित वर्गका व्यक्तिमाथि वेदनारायणले कुटपिट तथा अत्याचार गरेको लिखित निवेदन हामीकहाँ आएको छ । प्रहरीमा परेको निवेदन पछि प्रारम्भिक घटना हेर्दा मिटर ब्याजकै निहुँमा मिटरब्याजी पीडक भनिएका वेदनारायणले पीडितहरूमाथि हातपात तथा कुटपिट गरी उनीहरूको घरबार भत्काइएको देखिएको प्रहरी प्रशासनले जनाएको छ । निवेदनको कारबाही प्रक्रिया अगाडि बढाई दुवै पक्षलाई छलफलमा राखेर थप अनुसन्धान भइरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले बताउनुभयो ।

**विदेह नगरपालिका, धनुषा**

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

**औरही गाउँपालिका , धनुषा**

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

**जनकपुरधाम उपमहानगर पालिका, धनुषा**

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

**धनौजी गाउँपालिका, धनुषा**

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

# वीरगंज महानगरका प्रमुख र उपप्रमुख पक्षका समर्थकबीच विवाद



**खबर दर्पण समाचारदाता**

**मंसीर २६ गते, बिरगंज**

वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बस्ने कोठा प्रयोग गर्ने विषयमा महानगरका प्रमुख र उपप्रमुख पक्षका समर्थकबीच विवाद भएको छ ।

महानगरप्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलम पक्षका सथर्मक वीच विवाद हुँदा दिनभर महानगर तनावग्रस्त बनेको छ ।

महानगर प्रमुख राजेशमान सिंह बस्दै आएको कार्यकक्ष भन्दा माथि नयाँ कोठमा बनेपछि त्यसलाई प्रमुखको कार्यकक्ष बनाएको र पहिले बस्दै आएको कार्यकक्षलाई प्रमुख प्रशासकीय अधिकृतको लागि प्रयोग गर्ने र यसअघि प्रमुख प्रशासकीय अधिकृत बस्दै आएको कोठालाई भने पञ्जिकरण शाखा राख्ने योजनामा महागनर प्रमुख रहेका थिए ।

त्यही नजिकै उपप्रमुख इम्तियाज आलमको पनि कार्यकक्ष रहेकोले उपप्रमुखले आफ्नो कार्यकक्ष विस्तार गर्नुपर्ने अथवा सचिवालय राख्ने तयारी गरेपछि विवाद भएको हो ।

कार्यकक्षमा पंजीकरण शाखा राख्ने तयारी स्वरुप तीन दिन अगाडि सामान समेत सारिएको थियो । सामान सार्दै गरेको अवस्थामा उपप्रमुखको सचिवालयले त्यो कोठमा तल्चा लगाएपछि विवाद बढेको हो ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले विवाद टुंगो लगाउन मंसिर २८ गते कार्यपालिकाको बैठक बोलाईएको जानकारी दिए । कार्यपालिका बैठकबाट नै विवादको समाधान गर्ने भट्टराईले बताए ।

महानगरको स्थित सामान्य रहेको प्रहरी नायव उपरीक्षक कुमार विक्रम थापाले बताए ।

गत स्थानीय तहको निर्वाचनमा वीरगञ्ज महानगरपालिकामा कांग्रेस र जसपा गठबन्धनका मेयर र उपमेयरका उम्मेदवार विजयी भएका थिए ।

## वीरगंज महानगरपालिकाका कर्मचारी आन्दोलित



**खबर दर्पण समाचारदाता**

**मंसीर २६ गते, बिरगंज**

वीरगंज महानगरपालिकाका कर्मचारीहरु आन्दोलित भएका छन् ।

महानगरपालिकाका उपप्रमुख सहित सचिवालयको टोलीले गरेको अभद्र व्यवहार विरुद्ध कर्मचारीले बुधबारदेखी कालोपट्टी बाँधेर विरोध सुरु गर्ने बताएका छन् ।

स्थानीय तह कर्मचारी संघ वीरगंज महानगर इकाई समितिले मंगलबार महानगर प्रमुख राजेशमान सिंहलाई ज्ञापन पत्र बुझाउँदै यसबारे जानकारी दिएका छन् ।

ज्ञापन पत्र बुझाउन इकाई समितिका अध्यक्ष गुप्ता सहित उपाध्यक्ष सुधिर जंग राणा, सचिव पवन प्रधान, सहसचिव मन्जित यादव, सुभद्रा बन्जरा लगायतको टोली पुगेको थियो ।

समितिले स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गतको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखालाई व्यवस्थित गर्न लाग्दा प्रमुख प्रशासकीय अधिकृतमाथि नै कार्यपालिका सदस्य समेत रहेका कन्हैया ठाकुरले गालिगलौज गर्दै अभद्र व्यवहार गरेकोले आन्दोलन गर्न बाध्य भएको जनाएको छ ।

नेपाली कांग्रेसबाट कार्यपालिका सदस्यमा निर्वाचित भएका ठाकुर उपप्रमुख इम्तियाज आलम निकट हुन् । यस्तै कर्मचारीहरु अमृता शास र रनु दासलाई पनि उपप्रमुख आलमको स्वकीय सचिव रहेका शेष हजराले अश्लील गाली गलौज गर्दै अभद्र व्यवहार गरेको प्रतिपनि गम्भीर ध्यानाकर्षण भएको समितिले जनाएको छ ।

उपप्रमुखकै सचिवालयमा कार्यरत कर्मचारी (शिक्षक) रविनन्दन सिंहले समेत कृषि शाखामा कार्यरत कृषि अधिकृत रोशनी यादवलाई पटक पटक डर, धम्की दिँदै गाली गलौज गर्ने गरेको घटना निन्दनीय रहेको ज्ञापनपत्रमा जनाइएको छ ।

उपप्रमुख र उनको सचिवालयको टोलीले प्रमुख प्रशासकीय अधिकृत सहितका कर्मचारीहरुलाई अभद्र व्यवहार गर्ने गरेकाले आफूहरु बाध्य भएर आन्दोलित हुनु परेको इकाई समितिका अध्यक्ष मुकेश गुप्ताले बताए।

उपप्रमुख तथा उनको सचिवालय सदस्यहरुको कार्यशैलीको विरोधमा बुधबार र बिहीबार २ दिन हातमा कालो पट्टी बाँधेर काम गर्ने र त्यस पछि पनि निकास ननिस्किए चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने अध्यक्ष गुप्ताले बताए ।

सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।


**डिभिजन सडक कार्यालय**

**मुजेलिया, जनकपुर**

# ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा